फोन नं. ०८१ -५२०२३०
ईमेल : bakdfo123@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मंत्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बाँके

## दरभाउपत्र आव्हानको सूचना

**सूचना नं. DFO/W7/077/078**

**(प्रथम पटक नेपालगन्ज टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित मिति : २०७८।०१।२३ गते)**

यस कार्यालयको आ.ब. ०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम शमसेरगन्ज सव डिभिजन वन कार्यालय परिसर भित्र वन हेरालु आवाश गृह (Forest Watcher Shelter House) **e- bidding** प्रक्रियाबाट निर्माण गराउनु पर्ने भएकोले ईच्छुक फर्म, व्यवसायी वा कम्पनीहरु बाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरुः-

१) अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७६/०७७ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित तोकिएको दरभाउपत्र दस्तुर तिरी ( पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र दरभाउपत्रदाताले सार्वजनिक अनुगमन कार्यालयको website **www.bolpatra.gov.np** बाट ठेक्काको लागि **download** तथा **upload** गर्न सक्ने व्यवस्था गरिएको छ । दरभाउपत्र साथ राष्ट्रिय वाणिज्य बैंकमा रहेको डिभिजन वन कार्यालय बाँकेको राजस्व खाता नं. १-१-००१, कार्यालयको कोड नं. ३०७०२५७०१५ र राजस्व शिर्षक नं. १४२२९ मा दरभाउपत्र दस्तुर दाखिला गरेको राजस्व भौचरलाई दरभाउपत्र कागजात साथ **upload** गर्नु पर्नेछ । **Hard copy** प्रयोगमा ल्याईने छैन ।

२) दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा दरभाउपत्रदाताको रोहबरमा खोलिने छ ।

३) दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

५) दरभाउपत्र फाराम साथ जमानत वापत तोकिएको रकम **राष्ट्रिय बाणिज्य बैक, धम्बोजि, नेपालगंजमा रहेको ख-२-३: प्रदेश लेखा नियन्त्रक कार्यालय धरौटी खाता नं** ४१३०१००२०२०३०००० मा जम्मा गरि सक्कलै बैंक भौचर वा नेपाल सरकार बाट विडवण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरु बाट दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० औं दिन म्याद भएको विडवण्डको **Scan copy** संलग्न गर्नु पर्नेछ ।

६) कालो सूचिमा नपरेको स्वयं घोषणापत्र बोलपत्र साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

७) संयुक्त उपकम (Joint Venture) को माध्यमवाट कामगर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धि सम्झौतापत्र पेश गर्नु पर्नेछ र संयुक्त उपकममा बढिमा ३ (तीन) वटा फर्महरुले संयुक्त रुपमा भागलिन सक्नेछन । सम्झौता पत्रमा कामको विवरण र शेयर खुलेको हुनुपर्नेछ ।

८) कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९) शर्त रहेको, रित नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१०) यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ । दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी वा फोन नं. ०८१५२०२३० मा सम्पर्क सकिनेछ ।

**दरभाउपत्र सम्बन्धि कार्यको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | रकम रु. (भ्याट र कन्टेन्जेसी बाहेक) | धरौटी रकम रु | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | DFO/W7/077/078 | वन हेरालु आवाश गृह (Forest Watcher Shelter House) | १७,०७,७६४.१९ | ४५,०००.०० | १,०००.०० |

(डिभिजनल वन अधिकृत)